मिति : २०७९/०३/३०

**प्रेश विज्ञप्ती**

**कान्तिपुर टेलिभिजन नेटवर्क लिमिटेडको प्राथमिक शेयर निष्काशनको लागि निष्काशन तथा बिक्रि प्रबन्धक नियुक्ति सम्बन्धमा**

कान्तिपुर टेलिभिजन नेटवर्क लिमिटेडले सर्वसाधारणलाई सहभागी गराउने उद्देश्यका साथ रु. १०० अंकित दरका ७,५०,००० कित्ताले हुन आउने रकम रु.७,५०,००,०००/- (अक्षरुपी सात करोड पचास लाख मात्र) बराबरको साधारण शेयरमा अंकित मुल्यमा प्रिमियम रकम थप गरी साधारण शेयर जारी गर्न लागेको छ। कम्पनीले उक्त कार्य गर्नका लागि सानिमा क्यापिटल लिमिटेडलाई निष्काशन तथा बिक्रि प्रबन्धकको रुपमा नियुक्त गरेको छ। कान्तिपुर टेलिभिजन नेटवर्क लिमिटेडका तर्फबाट अध्यक्ष तथा प्रवन्ध निर्देशक श्री कैलाश प्रसाद सिरोहिया र सानिमा क्यापिटल लिमिटेडका तर्फबाट प्रमुख कार्यकारी अधिकृत श्री भिष्म राज चालिसेले सम्झौता पत्रमा हस्ताक्षर गर्नुभयो ।

कान्तिपुर टेलिभिजन नेटवर्क, नेपालको निजी क्षेत्रको सबैभन्दा लोकप्रिय टेलिभिजन स्टेशन हो । यसका अध्यक्ष तथा प्रवन्ध निर्देशक कैलाश प्रसाद सिरोहिया हुनुहुन्छ । कान्तिपुर टेलिभिजनको मुख्य कार्यालय काठमाडौंको तीनकुने सुविधानगरमा अवस्थित छ। कान्तिपुर टेलिभिजनले आम सर्वसाधारणमा आफ्नो प्रविधि मार्फत निरन्तर रुपमा सूचना तथा जानकारी प्रदान गर्दै आइरहेको छ। कान्तिपुर टेलिभिजनले वि.सं. २०६० असार २९ गते विधिवत् रुपमा प्रसारण आरम्भ गरेको र सुरुमा टेरिस्टेल टावरबाट सूचना प्रवाह गर्दै आएकोमा वि.सं. २०६८ सालदेखि अटोमेसन प्रविधिमा स्तरोन्नति भएको थियो। कान्तिपुर टेलिभिजनले हाल हाइ डेफिनेसन प्रविधि (एचडी) लाई अवलम्बन गरेको छ। वि.सं. २०७४ मंसिर २७ गतेदेखि एचडी प्रविधिबाट विश्वका एक सयभन्दा बढी मुलुकमा प्रसारण भइरहेको कान्तिपुर टेलिभिजन युट्युब च्यानल र अनलाइनमा समेत हेर्न सकिन्छ ।

धन्यवाद ।

.....................
कैलाश प्रसाद सिरोहिया
अध्यक्ष तथा प्रबन्ध निर्देशक
कान्तिपुर टेलिभिजन नेटवर्क लिमिटेड

Kantipur Television Network Limited
Kantipur
Subidhanagar
Kathmandu

.....................
भिष्म राज चालिसे
प्रमुख कार्यकारी अधिकृत
सानिमा क्यापिटल लिमिटेड

SanimaCapital